# स्थानीय राजपत्र

**देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड २) देवदह नगरपालिका, मितिः २०७६/०३/२६ (संख्या ३**

## भाग–१

### देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७६ सालको ऐन नं. ३

### ऐनको नाम : देवदह नगरपालिकाको विनियोजन ऐन, २०७६

नगर सभाबाट स्वीकृत मितिः २०७६/०३/२५

<u>प्रस्तावना :</u> देवदह नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको

धारा २२९ को उपधारा (२) बमोजिम देवदह नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "देवदह नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७६/०७७को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची -१ मा उल्लेखित चालु खर्च र पूँजीगत खर्चको रकम समेत गरी जम्मा रकम रु.७८,९६,००,००० (अठहत्तर करोड छयानब्बे लाख) मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. बिनियोजन**

१. यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त देवदह नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखीन अएमा नगर कार्यपालिकाले

बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

नेपालको संविधानको धारा २३० को उपधारा (१) अनुसार राजश्व र व्ययको अनुमान तपसिल वमोजिम रहेको छ।

आ.व. ०७६।०७७ को लागि अनुमानित आय विवरण

| क्र.सं. | शीर्षक | आ.व.०७६/०७७ को अनुमानित |
|---|---|---|
| | आन्तरिक आय | |
| १ | आन्तरिक राजश्व | ७७४६६००० |
| २ | गत वर्षको नगद मौज्दात | ५०००००० |
| | जम्मा | १२७४६६००० |
| | प्रदेश ५ बाट प्राप्त | |
| १ | वित्तिय समानिकरण प्रदेश ५ | ४७३६००० |
| २ | राजश्व वाडफाड सवारी साधन कर प्रदेश ५ | १६७९८००० |
| ३ | समपुरक कोष प्रदेश ५ | २०००००० |
| ४ | शशर्त अनुदान प्रदेश ५ | ११०००००० |
| | जम्मा | ५२५३४००० |
| | संघिय सरकारबाट प्राप्त | |
| १ | शशर्त अनुदान संघिय | १७१६००००० |
| २ | सामाजिक सुरक्षा | १२००००००० |
| ३ | समपुरक अनुदान जि स स | २७९०००००० |
| ४ | वित्तिय समानिकरण संघ | १५५२००००० |
| ५ | राजश्व वाडफाड संघ | ११४९००००० |
| ६ | पर्यटन पुर्वाधार कार्यक्रम संघ | ५०००००० |
| ७ | स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम | १५०००००० |
| | जम्मा | ६०९६००००० |
| | जम्मा आम्दानी | ७८९६००००० |

## आ व ०७६।०७७ को लागि  क्षेत्रगत अनुमानित व्यय

| क्षेत्र गत शीर्षक | आ.व. २०७६/७७ बजेट |
|---|---|
| आर्थीक विकाश | ३५०९५००० |
| सामाजिक विकाश | ३८८६४३००० |
| पुर्वाधार विकाश | २४६०७५००० |
| वातावरण तथा विपद व्यवस्थापन | १४३५०००० |
| संस्थागत विकाश | १३४६०००० |
| वित्तिय व्यवस्थापन तथा शुसासन | १५००००० |
| कार्यालय संचालन तथा प्रशासन | ९०४७७००० |
| **जम्मा** | ७८९६००००० |

प्रमाणीकरण मिति : २०७६/०३/२६

आज्ञाले
शशीधर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत